नेपाल वायुसेवा

मिति: २०८२/०३/०८

# विज्ञप्ति

## रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न

नेपाल वायुसेवा निगमको ६७ औं वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रम अर्न्तगत मिति २०८२ असार ८ गते आयोजना गरिएको रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रम निगमको केन्द्रीय कार्यालय प्राङ्गण, कान्तिपथ र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, Airport परिसरमा एकैदिन सम्पन्न गरिएको हो ।

कार्यक्रम अन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ११४ जना र निगमको केन्द्रीय कार्यालयमा ७६ जना, गरी जम्मा १९० जना दाताहरुले स्वेच्छिक रक्तदान गर्नुभयो । रक्तदान मार्फत जीवन बचाउन सकिने महत्वपूर्ण योगदानका लागि दाताहरुप्रति नेपाल वायुसेवा निगम हार्दिक धन्यवाद प्रकट गर्दछ ।

यस अवसरमा निगमका उच्च पदाधिकारी, कर्मचारी तथा विभिन्न निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सो रक्तदान कार्यक्रम ६७ औं वार्षिकोत्सव मुल समारोह समितिद्धारा नेपाल रेडक्रस सोसाइटीसँगको समन्वय र सहकार्यमा गरिएको हो ।

नेपाल वायुसेवा निगम सामाजिक दायित्वप्रति सदैव प्रतिबद्ध रहँदै यस्ता मानवसेवामूलक कार्यहरूमा निरन्तर अग्रसर रहिरहने प्रतिबद्धता व्यक्त गर्दछ ।

मनोज कुमार साह<br>प्रवक्ता (प्रा.)<br>नेपाल वायुसेवा निगम

सुवास डाँगी<br>प्रवक्ता<br>नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np, Web: www.nepalairlines.com.np